Let's Build e-Nepal: Together We CAN

18th

CAN Federation Kaski

# ANNUAL GENERAL MEETING




# ANNUAL REPORT

## 2081/2082

CAN Federation Kaski

कम्प्युटर एसोसिएसन नेपाल महासंघ, कास्की

FEDERATION OF COMPUTER ASSOCIATION NEPAL, KASKI

# कार्यसमिति सदस्य २०८१-२०८३



पुरुषोत्तम कुँवर
अध्यक्ष



दूधमान गुरुङ
निवर्तमान अध्यक्ष



दयाविक्रम हरीजन(सेवक)
प्रथम उपाध्यक्ष



महेन्द्र भुर्तेल
द्वितीय उपाध्यक्ष



दामोदर डुम्रे
सचिव



रुद्रनाथ न्यौपाने
कोषाध्यक्ष



सुरेश सापकोटा
सह-सचिव



दिपक राज गिरी
सदस्य



घनश्याम गौतम
सदस्य



बालकृष्ण न्यौपाने
सदस्य



हरिकृष्ण शर्मा
सदस्य



भरत बराल
सदस्य



मुकुन्द योगी
सदस्य



गोविन्द प्रसाद रिजाल
सदस्य



चन्द्रकला बस्नेत
सदस्य

# पूर्व अध्यक्षहरु



जगन बहादुर गुरुङ
संस्थापक अध्यक्ष



इविन्द्र राज तिवारी



चण्डी प्रसाद अर्याल



गुणानिधी पाण्डे



चिन्तामणी बास्तोला



युवराज पौडेल



रूकमागत भण्डारी

## कार्यालय सचिव



सुस्मा साखी

Let's Build e-Nepal: Together We CAN

DAO Regd. 284/049-50/#569

CAN Federation Kaski

# FEDERATION OF COMPUTER ASSOCIATION NEPAL

## कम्प्युटर एशोसिएसन नेपाल महासंघ, कास्की

Kaski Branch
Newroad, Pokhara-08, Kaski, Nepal, Phone No.:061-572754, 9856022754
E-mail: info.cankaski@gmail.com | Web: www.cankaski.org.np

Ref. No.: ०८/०८२/०८३

**अध्यक्ष**
पुरुषोत्तम कुँवर
९८५६०२५३५५

**निवर्तमान अध्यक्ष**
दूधमान गुरुङ् (आशिष)
९८५६०२०१२४

**प्रथम उपाध्यक्ष**
सेवक क्षीतीज
९८५६०२२३२८

**द्वितीय उपाध्यक्ष**
महेन्द्र भुर्तेल
९८५६०३२२७२

**सचिव**
दामोदर डुम्रे
९८५६०३३२८५

**कोषाध्यक्ष**
रुद्रनाथ न्यौपाने
९८५६०१०५००

**सह-सचिव**
सुरेश सापकोटा
९८५६०१८४७१

**सदस्यहरू:**
दिपक राज गिरी
९८५६०३१६२०
घनश्याम गौतम
९८५६०४७०७८
बालकृष्ण न्यौपाने
९८०१०८०३१६
हरिकृष्ण शर्मा
९८५६०८०२२६
भरत बराल
९८०२८२६०००
मुकुन्द योगी
९८४६६०५०४७
गोविन्द प्रसाद रिजाल
९८५६०३७७२७
चन्द्रकला बस्नेत
९८५६०११८४२

मिति: २०८२/०७/१३

श्री सदस्य ज्यू,
क्यान महासंघ, कास्की
पोखरा, नेपाल ।

विषय: १८ औ वार्षिक साधारणसभामा उपस्थिती सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा क्यान महासंघ कास्की शाखा कार्यसमिति बैठकको निर्णय साथमा क्यान महासंघ केन्द्रीय कार्यसमिति बैठकको निर्णयअनुसार संस्थाको १८ औ वार्षिक साधारण सभा निम्न मिति,समय र स्थानमा सम्पन्न हुन गईरहेको जानकारी गराउँदै उक्त कार्यक्रममा यहाँको गरिमामय उपीस्थतीको लागि हार्दिक अनुरोध गर्दछु ।

**साधारणसभा हुने मिती, समय र स्थान**

मिति: २०८२ कात्तिक २९ गते शनिबार ।
समय: बिहान ७:३० बजे ।
स्थान: ग्यालेक्सी ब्याङ्क्वीट, पोखरा १७,बिरौटा ।

**साधारण सभामा छलफलका विषयहरु**

१ अध्यक्षको सम्बोधन तथा भावि कार्यक्रम प्रस्तुत,छलफल र पारित सम्बन्धमा ।
२ सचिवको कार्यप्रगति प्रतिवेदन कार्यक्रम प्रस्तुत,छलफल र पारित सम्बन्धमा ।
३ आ.व २०८१/०८२ को लेखा समितिको प्रतिवेदन प्रस्तुत,छलफल र पारित सम्बन्धमा ।
४ आ.व २०८१/०८२ को कोषाध्यक्षको आर्थिक प्रतिवेदन प्रस्तुत,छलफल र पारित सम्बन्धमा ।
५ आ.व २०८१/०८२ को लेखा परिक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
६. निर्णय पुस्तिकामा प्रमाणीकरण गर्ने सदस्यहरुको नियुक्ति सम्बन्धमा ।
७ विविध ।

धन्यबाद !

दामोदर डुम्रे
सचिव

# १८ औं वार्षिक साधारण सभा कार्यक्रम तालिका

| समय | कार्यक्रम |
|---|---|
| ७:३०-८:०० | उपस्थिति, खाजा तथा रजिष्ट्रेशन |
| ८:००-८:३० | कार्यक्रम शुरु :<br>आशन ग्रहण<br>अध्यक्ष<br>प्रमुख अतिथि<br>संस्थापक अध्यक्ष<br>केन्द्रिय प्रतिनिधि<br>पूर्व अध्यक्षज्यूहरु<br>अतिथि<br>कार्यसमितिका पदाधिकारी तथा सदस्यज्यूहरु<br>लेखा समिति विभिन्न उपसमिति संयोजक तथा सदस्यज्यूहरु |
| ८:३०-८:३५ | राष्ट्रिय गान |
| ८:३५-८:४० | स्वागत मन्तव्य तथा प्रथम उपाध्यक्ष ज्यूबाट |
| ८:४०-८:५० | उद्घाटन कार्यक्रमः प्रमुख अतिथि |
| ८:५०-९:०५ | सदस्यता प्रमाण पत्र वितरण |
| ९:०५-९:२५ | प्रमुख अतिथि तथा अतिथिज्यूहरुबाट शुभकामना मन्तव्य<br>१.<br>२.<br>३. |
| ९:२५-९:३० | मायाको चिनो वितरण कार्यक्रम |
| ९:३०-९:३५ | पहिलो सत्रको कार्यक्रम अध्यक्ष ज्यूबाट समापन |
| ९:४५-९:५५ | दोस्रो सत्रको कार्यक्रम शुरु :<br>आशन ग्रहण<br>सभाध्यक्ष<br>संस्थापक अध्यक्ष<br>केन्द्रिय प्रतिनिधि<br>पूर्व अध्यक्षज्यूहरु<br>कार्यसमितिका पदाधिकारी तथा सदस्यज्यूहरु<br>लेखा समिति सहित विभिन्न उपसमिति संयोजक तथा सदस्यज्यूहरु |
| ९:५५-१०:३० | प्रतिवेदन प्रस्तुत<br>(अध्यक्षज्यूको सम्बोधन, सचिवको कार्यप्रगति प्रतिवेदन, कोषाध्यक्षको प्रतिवेदन, लेखा समितिको प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदन) छलफल र पारित |
| १०:३०-१०:४० | विविध एजेण्डा उपर छलफल र प्रस्तुत प्रतिवेदन पारित |
| १०:४०-१०:५० | अध्यक्षद्वारा धन्यवाद मन्तव्य सहित समापन |
| १०:५० | आईसिटि सहकारीको साधारण सभा शुभारम्भ |

## अध्यक्षको सम्बोधन :-



क्यान महासंघ कास्कीको १८औँ वार्षिक साधारण सभामा प्रमुख अतिथि, विशेष अतिथि, क्यान महासंघ केन्द्रीय प्रतिनिधिहरू, पूर्वअध्यक्षज्यूहरू, सम्पूर्ण अतिथिज्यूहरू, मिडियाकर्मी साथीहरू तथा क्यान महासंघ कास्की परिवारका आदरणीय सदस्यहरूलाई हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्न चाहन्छु ।

वि.सं. २०६५ मा स्थापना भएको क्यान महासंघ कास्की सूचना, सञ्चार तथा प्रविधिको क्षेत्रमा निरन्तर क्रियाशील रहँदै आएको एक सशक्त संस्था हो । सूचना प्रविधि व्यवसायी, Professionals तथा Expert हरुको साझा मञ्चको रूपमा यस संस्थाको प्रमुख उद्देश्य प्रविधि-मैत्री समाज निर्माणमा योगदान पुऱ्याउनु हो । काठमाडौंस्थित क्यान महासंघ केन्द्रपछि सबैभन्दा सक्रिय, सिर्जनशील र गतिशील शाखाका रूपमा क्यान कास्कीले आफूलाई स्थापित गर्न सफल भएको छ, जसमा हामी सबै गौरवान्वित छौं ।

मंसिर १, २०८१ मा क्यान महासंघ कास्कीको अध्यक्षको रूपमा निर्वाचित हुनु मेरो व्यावसायिक यात्राको एउटा नयाँ मोड थियो । त्यसअघि प्रथम उपाध्यक्षको भूमिकामा रहँदा संस्थाका गतिविधिहरूमा सधैं सक्रिय थिएँ, तर नेतृत्वको अग्र पंक्तिमा आउँदा जिम्मेवारीको गहिराइ र यसको अर्थ कति गम्भीर हुन्छ भन्ने प्रत्यक्ष अनुभव गर्न पाएँ । नेतृत्वले मलाई नयाँ दृष्टिकोण सिकायो, फरक विचारहरूमा सन्तुलन राख्न र सबैलाई समेट्ने कला सिकायो ।

समय सधैं अनुकूल हुँदैन । विगत एक वर्षमा पनि प्रविधि बजारदेखि संस्थागत वातावरणसम्मका चुनौतीहरू सामना गर्नुपऱ्यो। तर पनि, हाम्रो प्रतिबद्धता र सामूहिक प्रयासका कारण, हामीले “सूचना प्रविधिलाई सबैका लागि उपयोगी र सुलभ बनाउने” लक्ष्यतर्फ उल्लेखनीय प्रगति गरेको आभास गरेका छौं ।

गत वर्ष हामीले सूचना प्रविधि प्रवर्द्धन, सदस्य सञ्जाल सुदृढीकरण र सदस्यहरूको क्षमता वृद्धिमा विशेष ध्यान दियौं । कास्की जिल्लामा प्रविधिको पहुँच विस्तार, आईसिटी उद्यमशीलताको प्रोत्साहन र विद्यार्थीहरूमा प्रविधी प्रतिको रुचि जगाउने कार्यक्रमहरू सञ्चालन गरियो । विद्यालय स्तरदेखि व्यवसायिक तहसम्मका प्रतियोगिता, तालिम र सेमिनारहरूले स्थानीय युवामा आत्मविश्वास र अवसर दुवै सिर्जना गर्न क्यान महासंघ कास्की अग्र पंक्तिमा उभ्याउने प्रयत्नमा मेरो कार्य समितिको टिमले महत्वपूर्ण भुमिका खेल्यो ।

केन्द्र, प्रदेश र स्थानीय सरकारसँगको सहकार्य तथा निजी क्षेत्रसँगको साझेदारी विस्तार गर्दै क्यान कास्कीले आफ्नो प्रभावलाई अझ सबल बनाएको छ । स्थानीय निकायसँगको सहकार्यमा सञ्चालन भएका कार्यक्रमहरूले प्रविधि पहुँच र दक्षतामा ठोस योगदान पुऱ्याएका छन् । यी गतिविधिहरूले संस्थाको विश्वसनीयता मात्र होइन, “ब्रान्डिङ” मा पनि नयाँ आयाम थपेका छन् ।

गत वर्ष सञ्चालन भएका प्राविधिक सीपमूलक तालिमहरू–जस्तै CCTV जडान तथा मर्मत, ट्याक्स-भ्याट प्रशिक्षण, र विभिन्न वौद्धिक कार्यक्रमहरुले सदस्यहरूलाई प्रत्यक्ष फाइदा पुऱ्याएका छन् । Startup र ICT उद्यमशीलताका कार्यक्रमहरूले पनि नयाँ पुस्तालाई आफ्नै क्षेत्रमा केही गर्न उत्प्रेरणा महसुस गरेका छौं ।
सामाजिक उत्तरदायित्वका कार्यहरू–रक्तदान, राहत वितरण र आपतकालीन सहयोग–मार्फत हामीले समाजप्रतिको सामाजिक उत्तरदायित्व पनि निभाइरहेका छौं ।
यस्तै, विगतका वर्षमा स्थगित रहँदै आएको हाम्रो प्रमुख कार्यक्रम “CAN Infotech 2025” यस वर्ष पुनः सफलतापूर्वक आयोजना गर्न सक्नु हाम्रो सामूहिक प्रयासको उत्कृष्ट उदाहरण हो । साथै, पहिलोपटक आयोजना गरिएको “B2B Summit”

ले पोखरा र गण्डकी प्रदेशका व्यवसायीहरूलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय आयातकर्ताहरुसँग जोड्ने महत्वपूर्ण पुलको काम गरेको छ।

पर्यटन र प्रविधि जस्ता विषयमा आयोजित अन्तक्रिया कार्यक्रम साथमा केन्द्र तथा जिल्लाका अग्रजहरूसँगको मन्थन, तथा बौद्धिक बहसले क्यान कास्कीको उपस्थितिलाई केवल प्रविधिक होइन, वैचारिक तहमा पनि मजबुत बनाएको छ।

**आ.व. २०८२/८३ का लागि तय गरिएका कार्यक्रमहरू:**

१. CAN Infotech - सूचना प्रविधि प्रवर्द्धन र व्यवसायिक अवसर सञ्जाल विस्तारका लागि प्रमुख वार्षिक प्रदर्शनी

२. B2B Business Summit- सुचना सञ्चार तथा प्रविधि र व्यापारिक साझेदारीमा केन्द्रित उद्यमीहरूको व्यवसायिक भेटघाट र नेटवर्किङ कार्यक्रम।

३. ICT Discussion - प्रविधि क्षेत्रमा भएका नवीनतम प्रवृत्ति, नीति र चुनौतीबारे विशेषज्ञ स्तरीय अन्तरक्रिया र बहस कार्यक्रम।

४. साधारण नागरिक र विद्यार्थीका लागि ICT सचेतना कार्यक्रम - डिजिटल साक्षरता विस्तार तथा प्रविधि प्रतिको पहुँच र उपयोगमा जनचेतना अभिवृद्धि।

५. ICT क्वीज, सफ्टवेयर र नवप्रवर्तन प्रवर्द्धन कार्यक्रम- विद्यार्थी र युवाहरूमा प्रविधि प्रतिको रुचि र सिर्जनात्मकता बढाउने उद्देश्यका गतिविधिहरू।

६. सदस्यहरूका लागि विभिन्न सीपमूलक तालिमहरू अफिस व्यवस्थापन, लेखा प्रणाली, ग्राफिक डिजाइन, र सामाजिक सञ्जाल व्यवस्थापन सम्बन्धी तालिमहरू र भ्रमणहरु।

७. सामाजिक उत्तरदायित्व (CSR) सम्बन्धी गतिविधिहरू रक्तदान, राहत वितरण र आपतकालीन सहयोगजस्ता समाजसेवी कार्यक्रमहरू।

८. सदस्यता विस्तार र सुदृढीकरण कार्यक्रम - नयाँ सदस्य अभिवृद्धि र पुराना सदस्यहरूको सहभागिता तथा क्षमता वृद्धि मार्फत संस्था सुदृढ बनाउने अभियान।

यात्रा यत्तिमै सीमित छैन। अझ धेरै गर्न बाँकी छ। आगामी वर्षलाई मैले सिकाइ, सुधार र उपलब्धिको वर्षका रूपमा देखेको छु। संस्थालाई अझ सबल बनाउने, सदस्यहरूको सहभागिता र स्वामित्व बढाउने, र कास्की जिल्लालाई प्रविधि-मैत्र केन्द्रको रूपमा स्थापित गर्ने मेरो स्पष्ट प्रतिबद्धता छ। हाम्रो ध्यान अब डिजिटल साक्षरता विस्तार, विद्यालयस्तरमा ICT सशक्तीकरण, र नवप्रवर्तन प्रोत्साहनमा रहनेछ। अन्त्यमा, क्यान कास्कीलाई आजको अवस्थामा ल्याउन योगदान पुर्‍याउने सबै पूर्वअध्यक्ष, पदाधिकारी, सदस्य, सल्लाहकार, तथा कार्य समितिका सम्पूर्ण सहृदय सहयोगीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। संस्थाको प्रगति हरेक सदस्यको सामूहिक प्रयास र समर्पणको परिणाम हो। हामी सबैको साझा लक्ष्य–कास्कीलाई प्रविधिको अग्रगामी केन्द्र बनाउनु हो, जहाँ ज्ञान, नवप्रवर्तन र सहकार्यको संगम रहोस्। अर्को वर्ष अझ योजनाबद्ध, उद्देश्यपूर्ण र सामूहिक उपलब्धिले भरिपूर्ण हुनेछ भन्ने दृढ विश्वासका साथ हार्दिक धन्यवाद।

पुरुषोत्तम कुँवर
अध्यक्ष
क्यान महासंघ, कास्की

## सचिवको प्रतिवेदन :



### क्यान महासंघ कास्कीको वार्षिक कार्यप्रगति प्रतिवेदन :

यस सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, संस्थाका संस्थापक अध्यक्षज्यू, विशिष्ट अतिथिज्यू, केन्द्रिय प्रतिनिधिज्यू, पूर्व अध्यक्षज्यूहरु, अतिथिज्यूहरु, कार्यसमितिका पदाधिकारी तथा सदस्यज्यूहरु लेखा उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, उपस्थित सम्पूर्ण सदस्यज्यूहरु यहाँहरु सम्पूर्णमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

क्यान महासंघ कास्कीको १८ औं वार्षिक साधारण सभामा सचिवको हैसियतले वार्षिक कार्यप्रगति प्रतिवेदन प्रस्तुत गर्न पाउँदा अत्यन्त खुशी लागेको छ । हाल जम्मा सदस्य संख्या १५४ जना रहेको यस संस्थामा संस्थाको वार्षिक प्रतिवेदन कास्की शाखाको कार्यसमितिको बैठकबाट पारित भएको जानकारी पनि गराउँदछु । आज क्यान महासंघ कास्कीको वार्षिक साधारण सभाको अवसरमा यस कार्यसमितिको सचिवको रुपमा विगत वर्ष भरिका क्रियाकलाप र उपलब्धी विवरण सहित प्रस्तुत गर्न पाउँदा म अत्यन्त हर्षित छु । यस सम्मानित वार्षिक साधारण सभामा भए गरेका कार्य प्रगति विवरण पेश गर्ने अनुमति चाहान्छु ।

### १. १७ औं वार्षिक साधारण सभा तथा १० औं अधिवेशन २०८१

क्यान महासंघ कास्की शाखाको १७ औं वार्षिक साधारण सभा तथा १० औं अधिवेशन २०८१ साल मंसिर ०१ गते शनिवार ग्यालेक्सी बैंङक्यूट पोखरा-१७, विरौटामा यस संस्थाका अध्यक्ष दुधमान गुरुङज्यूको अध्यक्षतामा र गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा केन्द्रिय प्रतिनिधि चिन्तामणी बास्तोला, संस्थापक अध्यक्ष जगन बहादुर गुरुङ र उद्योग वाणिज्य संघ कास्कीका उपमहासचिव सुदिप प्रध्यानाङ्ग, क्यान महासंघ गण्डकी प्रदेश सदस्य कृष्णराज पोखरेल, पूर्व अध्यक्षहरु इविन्द्र राज तिवारी, चण्डि प्रसाद अर्याल, गुणानिधी पाण्डे, युवराज पौडेल संस्थाका निवर्तमान अध्यक्ष रुक्मागत भण्डारी लगायत संस्थाका पदाधिकारी र सदस्यज्यूहरु उपस्थित हुनुहुन्थ्यो । प्रमुख अतिथि गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टज्यूले प्रमुख अतिथिको मन्तव्य राख्नुभएको थियो । साथै साधारण सभाले सचिव कोषाध्यक्ष, शिक्षा उपसमिति, लेखा समितिले प्रस्तुत गर्नुभएका प्रतिवेदनहरु छलफल गरि पारित गर्नुभएको थियो । त्यसै गरि निर्वाचन मण्डलका संयोजक युवराज पौडेल, सदस्यहरु विकास भुर्तेल र गोविन्द प्रसाद रिजालको समन्वयमा १० औं अधिवेशन सम्पन्न भएको थियो । अधिवेशनले क्यान कास्कीका सम्पूर्ण पदाधिकारीहरुलाई सर्वसम्मत चयन गरेको थियो । क्यान कास्कीको नवनिर्वाचित पदाधिकारीहरुमा अध्यक्ष पुरुषोत्तम कुँवर, प्रथम उपाध्यक्ष सेवक क्षितिज, द्धितीय उपाध्यक्ष महेन्द्र भुर्तेल, सचिव दामोदर डुम्रे, कोषाध्यक्ष रुद्रनाथ न्यौपाने, सह-सचिव सुरेश सापकोटा र सदस्यहरुमा दिपक राज गिरी, घनश्याम गौतम, हरिकृष्ण शर्मा, बालकृष्ण न्यौपाने, भरत बराल, मुकुन्द योगी चयन भएका थिए । क्यान महासंघ नेपालका केन्द्रिय सदस्य तथा केन्द्रिय प्रतिनिधि चिन्तामणी बास्तोलाले नवनिर्वाचित समितिलाई केन्द्रको तर्फबाट बधाई तथा सफल कार्यकालको शुभकामना दिनुभएको थियो । क्यान महासंघ कास्की शाखाको पहिलो बैठकबाट गोविन्द रिजाल र चन्द्रकला बस्नेत गरी दुई जना सदस्य मनोनित गरेको पनि जानकारी गराउँदछु ।






### २. सदस्य संस्थाहरुमा घरदैलो कार्यक्रम

२०८१ साल मंसिर ०३ गते नवनिर्वाचित अध्यक्षज्यूले सदस्यज्यूहरुको घरदैलो मै पुगेर भेटघाट गर्ने घरदैलो कार्यक्रम पोखराको नदीपुरबाट शुरु गरि संस्थामा आवद्ध सदस्यज्यूहरुको व्यापारिक स्थलमा पुग्ने कार्यक्रमलाई शुरुवात गर्नुभयो



### ३. वनभोज कार्यक्रम

मिति २०८१ पुष ६ गते शनिबार, जयकोट सामुदायिक वन (पोखरा, कार्की डाँडा) स्थित कम्प्युटर एशोसिएसन महासंघ कास्की शाखाको वार्षिक कार्यक्रम अन्तर्गत यस संस्थामा आवद्ध भएका सदस्यहरुको बिचमा भाईचारा एवं आत्मीयता अभिबृद्धि गर्ने लक्ष्य सहित सधैंका वर्षहरुमा जस्तै यस वर्ष पनि वनभोज कार्यक्रमको आयोजना गरिएको थियो ।

संस्थाका अध्यक्ष श्री पुरुषोत्तम कुबँरको अध्यक्षतामा र पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष श्री गोर्कण कार्कीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमको संयोजन तथा स्वागत कार्यक्रम संयोजक तथा क्यान महासंघ कास्की शाखाका द्धितिय उपाध्यक्ष श्री महेन्द्र भुर्तेलले गर्नुभएको थियो । उक्त कार्यक्रममा क्यान महासंघका पूर्व अध्यक्ष श्री गुणानिधी पाण्डे क्यान गण्डकी प्रदेशको अध्यक्षमा र पूर्व अध्यक्ष श्री रुक्मागत भण्डारी क्यान गण्डकी प्रदेशको सहसचिवमा र्निबिरोध निर्वाचित हुनुभएको मा बधाई ज्ञापन पनि गरीएको थियो । प्रमुख अतिथी, अतिथी, संस्थापक अध्यक्ष, क्यान प्रदेश अध्यक्ष लगायतले भनाई पनि राख्नु भएको थियो । कार्यक्रममा विभिन्न चरणमा गरी ५० जनाको उपस्थिति भएको थियो । उक्त अवसरमा रमाईलो खेलकुद गतिविधि पनि भएको थियो साथमा सम्पूर्ण अतिथी लगायतलाई फुलको गुच्छाद्धारा स्वागत गरिएको थियो । संस्थाले आयोजना गरिने सदस्यमुखी कार्यक्रमहरुमा आफ्नो बाबजुद् उपस्थित रहनु हुने सम्पूर्णले भरपुर मनोरञ्जन लिएको पाइएको थियो ।







**४. क्यान इन्फोटेक मेला सम्पन्न**

२०८१ साल माघ १० देखि १९ गते सम्म पोखरा प्रदर्शनी केन्द्रमा १२ औं क्यान इन्फोटेक-२०२५ सम्पन्न गरिएको थियो । पोखरा उद्योग वाणिज्य संघ सँगको सहकार्यमा सम्पन्न क्यान कास्कीको यो वर्षको एक उत्कृष्ट कार्यक्रम रह्यो ।

सूचना प्रविधिको विकास एवं प्रवर्द्धनको लागि स्थापना कालदेखि निरन्तर रुपमा आफ्नो कार्यलाई अघि बढाउँदै सर्वसाधारणसम्म सूचनाको पहुँच र प्रविधिको बारेमा जानकारी गराउने उदेश्यले माघ १० देखि १९ गतेसम्म पोखराको नयाँबजार स्थित प्रदर्शनी केन्द्रमा बाह्रौं युएनभी क्यान इन्फोटेक साथमा ३३ औं राष्ट्रिय औधोगिक व्यापार मेला भब्यताको साथ सफल भयो । कम्प्यूटर तथा सूचना प्रविधि सम्बन्धी भएका अत्याधुनिक एवं नविनतम प्रविधिको जानकारी दिंदै ग्रामीण क्षेत्रसम्म यसको पहुँच पुऱ्याउने लक्ष्यका साथ इन्फोटेकको आयोजना गरिएको थियो ।

स्थान : पोखरा प्रर्दशनी केन्द्र, नयाँ बजार, पोखरा, कास्की
मिति : २०८१ माघ १० देखि १९ गते सम्म
आयोजक : कम्प्यूटर एसोसिएसन नेपाल महासंघ, कास्की शाखा

**मूल समिति एवं उपसमितिहरूको गठन**

इन्फोटेकको तयारीका क्रममा क्यान कास्कीका अध्यक्ष परुषोत्तम कुवंरको संयोजकत्वमा ११ वटा विभिन्न उपसमिति गठन गरि एको थियो । क्यान इन्फोटेक घोषणा सघै विभिन्न उपसमितिले आफ्नो जिम्मेवारी सम्हाल्दै आएका थिए । इन्फोटक अवधि १० दिनसम्म उपसमितिले रातदिन अथक रुपमा खटेको हुनाले नै क्यान इन्फोटेक भव्य र सभ्य भएको थियो । क्यान इन्फोटेक सफल पार्न निम्नानुसार उपसमिति संयोजकहरु चयन गरियको थीयो ।

- मुल आयोजक समिति : श्री पुरुषोत्तम कुंवर
- अनुगमन तथा मुल्यांकन उपसमिति : श्री जगन बहादुर गुरुङ
- जिल्ला समन्वय उपसमिति : श्री गुणानिधि पाण्डे
- प्रायोजन व्यवस्थापन उपसमिति : श्री नविन पौडेल
- सचिवालय व्यवस्थापन उपसमिति : दामोदर डुम्रे
- स्टल निर्माण व्यवस्थापन उपसमिति : श्री युवराज पौडेल
- अतिरित्त क्रियाकलाप व्यवस्थापन उपसमिति : श्री सेवक क्षितिज
- मेला समन्वय उपसमिति : श्री दुधमान ग्रुरुङ (आशिष)
- व्यानर प्रायोजक उपसमिति : श्री महेन्द्र भुर्तेल
- ICT QUIZ उपसमिति : श्री दिपकराज गिरि
- अर्थ व्यवस्थापन उपसमिति : श्री रुद्रनाथ न्यौपाने

## क्यान इन्फोटेक का विशेषताहरू :

- बृहत सूचना प्रविधि प्रदर्शनी ।
- आइसिटी कन्फरेन्स ।
- कम्प्युटर तथा ल्यापटपको निःशुल्क मर्मत सेवा ।
- आइसिटी क्षेत्रमा स्थानीयस्तरबाट गरिएका उत्पादनको प्रर्दशनी ।
- आइसिटीसँग सम्बन्धित नविनतम गतिविधिहरु तथा वैज्ञानिक आइसिटी उपकरण प्रदर्शनी

## सहकार्य र सहयोगी संस्थाहरूः

| प्रायोजन नाम | सहयोगी संस्था |
|---|---|
| मुख्य प्रायोजक | युएनभी , इगल टेक नेपाल |
| इन एसोसिएसन विथ | TWD (Tech World Distributor) |
| होटल पार्टनर | होटल डेजाभु |
| हस्पिटालिटी पार्टनर | ग्यालेसी बैङक्युट एण्ड इभेन्ट म्यानेज्मेन्ट प्रा.लि. |
| मिडिया पार्टनर | गण्डक न्युज, सफल न्युज, र मदरल्यान्ड न्युज |

## क्यान इन्फोटेकमा सहभागी स्टलहरू

- इन्फोचीप प्रा.ली.
- हीमालयन कम्प्युटर
- प्रफेक्ट कम्प्युटर ट्रेडर्स
- ले ले भेन्चर्स प्रा.ली.
- सनलाईट आईटी सोलुसन्स प्रा.ली.
- ग्रीनएज टेक्नोलोजी प्रा.ली.
- इंक हाउस
- आयुसा इन्टरनेशनल प्रा.ली.
- जेनेक्स अटोमेसन प्रा.ली.
- पाण्डे कम्प्युटर सप्लार्यस
- टी पी लींक ट्रेडर्स
- कस्मीक कम्प्युटींङ सोलुसन्स

राष्ट्रिय औधोगिक व्यापार मेला र क्यान इन्फोटेक सँगै भएकोले गण्डकी प्रदेशको मुख्यमन्त्री सुरेन्द्र पाण्डे, पोखरा महानगरपालीका प्रमुख धनराज आचार्य, क्यान महासंघ अध्यक्ष सुनैना पाण्डे, उपाध्यक्ष शेखर दुलाल लगायतले प्रविधिको प्रयोग गरि दियो प्रज्वलनका साथ कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । उक्त डिजिटल पानसको संयोजन क्यान कास्की ले गरेको थियो । उक्त कार्यक्रममा क्यान महासंघ कास्कीले नयाँ नयाँ सुचना र प्रविधिको विकासमा जोड दिँदै नेपाल मै पहिलो पटक भित्रिएको Graphics card MSI GEFORCE RTX 5080 को शुभारम्भ कार्यक्रम समेत केन्द्रिय अध्यक्ष सुनैना पाण्डे र पोखरा उद्योग वाणिज्य संघ अध्यक्ष गोकर्ण कार्कीज्यूबाट गरिएको थियो ।









माघ १० देखि १९ गतेसम्म वृहत प्रदर्शनी भइरहेको थियो भने क्यान महासघंका विभिन्न पदाधीकारी तथा सदस्यज्यु अन्य अवलोकन कर्ताले मेलामा अवलोकन गर्नुभएको थियो ।















माघ १९ गते UNV CAN INFOTECH 2025 समापन कार्यक्रम मुख्य प्रायोजक UNV by Eagle Tech Nepal र TWD लगायत प्रायोजकहरु स्टल राखी सहयोग गर्नुहुने सम्पूर्णलाइ संस्थाका अध्यक्ष पुरुषोत्तम कुँवरज्यू द्धारा मायाको चिनो प्रदान गरी १२ औं क्यान इन्फोटेक समापन गरेका थियौ। अध्यक्षज्यू द्धारा प्रायोजक स्टल व्यवस्थापक, बिभिन्न उप समिती, क्यान महासंघ कास्कीका सदस्यज्यूहरु, पूर्व अध्यक्षज्यूहरु, पत्रकारज्यूहरु, मिडियाकर्मी लगायत सम्पुर्ण अवलोकन कर्ताहरुलाई धन्यबाद गर्दै कार्यक्रमको समापन गर्नुभएको थियो।



**महोत्सवका उपलब्धी:**

युएनभी क्यान इन्फोटेक २०२५ निकै नै उपलब्धीमूलक रहेको थियो। सर्वप्रथम त यो इन्फोटेकले गण्डकी प्रदेश को लागि सूचना तथा प्रविधीको प्रदर्शनीको रुपमा रहयो। विभिन्न सरकारी निकाय, विद्यालय, क्याम्पस, संघ संस्था र ब्यक्तिलाई सूचना प्रविधिको जानकारी तथा प्रविधि संघ जोड्न महत्वपूर्ण भूमिकामा क्यान इन्फोटेक रहयो। पोखरा र पोखरा आसपासमा रहेका आइटि कलेजको वैज्ञानिक उपकरणका प्रदर्शनीले यस क्षेत्रमा लाग्ने विद्यार्थिलाई प्रोत्साहन मिल्नुको साथै वजार प्रवर्द्धनमा टेवा मिल्यो। इन्फोटेकबाट बचत रकमलाई बिगतका वर्षहरुमा जस्तै सूचना तथा प्रविधिको विकासका क्षेत्रमा खर्च गरिनेछ। हामीलाई अगामाी वर्ष थप नयाँ सोंच र ढङ्गका साथ उपयुक्त समयमा क्यान इन्फोटेक गर्ने प्रेरणाा दिएको छ। अन्त्यमा क्यान इन्फोटेक सफल पार्न लाग्ने विज्ञापन दाता, आर्थिक सहयोग र सहयोगी सवैलाई हार्दिक धन्यवाद ब्यक्त गर्दछु।









### ५. वृहत रक्तदान कार्यक्रम सम्पन्न

माघ १५ गते विहान ८ बजेदेखी प्रदर्शनी केन्द्रमै मोबाइल व्यवसाही संघ संगको सहकार्यमा वृहत रत्तदान कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा पोखरा उद्योग वाण्ज्यि संघका अध्यक्ष गोकर्ण कार्की प्रमुख अतिथी हुनुहुन्थ्यो भने क्यान महासघंको केन्द्रीय सदस्य चिन्तामणी बास्तोला, क्यान गण्डकी अध्यक्ष गुणानिधी पाण्डे ज्यूको समेत उपस्थीती रहेको थियो । नेपाल रेडक्रस सोसाइटीको प्राविधिक सहयोगमा सम्पन्न उक्त कार्यक्रममा ४७ पिन्ट रगत संकलन भएको थियो ।




### ६. वृहत आई.सी.टी छलफल

माघ १६ गते दिनको १२ वजे पोखरा प्रर्दशनी केन्द्रमा क्यान इन्फोटेक भएको स्थानमा गण्डकीको समुन्नती पर्यटन र प्रविधि भन्ने विषयमा वृहत आइसिटी छलफल कार्यक्रम सन्चालन गरेका थियौ । जसमा निती तथा योजना आयोग गन्डकी प्रदेश उपाध्यक्ष डाक्टर कृष्ण चन्द्र देवकोटा, GPAST पूर्व कार्यकारी निर्देशक डाक्टर ढाकाराम भन्डारी र हरी प्रसाद पौडेल, अध्यक्ष बाराही हस्पिटालिटी ग्रुप, वक्ताका रुपमा हुनुहुन्थ्यो भने मिडियाकर्मी रघुनाथ वाग्ले सहजकर्ता, संस्थाका सचिव दामोदर डुम्रे ले कार्यक्रम सञ्चालन गर्नु भएको थियो भने कार्यक्रम संयोजक सेवक क्षितिज हुनुहुन्थ्यो । समग्र गण्डकीको विकासका लागी पर्यटन र प्रविधीले कसरी टेवा पुऱ्याउन सक्छ भन्ने विषयमा करीब १:३० घण्टा वृहत छलफल गरीएको थियो ।









## ७. UNITEK B2B SUMMIT २०२५ कार्यक्रम सम्पन्न

माघ १८ गते साँझ पोखरा १७ विरौटा स्थित ग्यालेक्सी बैङक्युटमा UNITEK B2B SUMMIT २०२५ कार्यक्रम सञ्चालन गरेका थियौं । संस्थाका अध्यक्ष पुरुषोत्तम कंवरको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा क्यान महासंघ उपाध्यय सृजना श्रेष्ठ प्रमुख अतिथी हुनुहुन्थ्यो भने गोकर्ण कार्की पोखरा उद्योग वाणिज्य संघ विशिष्ट अतिथि, चिरन्जीवी अधिकारी क्यान महासंघ उपाध्यक्ष र इन्जीनियर विनोद ढकाल विशेष अतिथि, चिन्तामणी बास्तोला क्यान महासंघ केन्द्रीय सदस्य, गुणनिधी पाण्डे क्यान महासंघ गण्डकी प्रदेश अध्यक्ष, संस्थाका संस्थापक अध्यक्ष जगन बहादुर गुरुङ क्यान महासंघका विभिन्न अध्यक्ष तथा पदाधिकारी ज्यूहरु पोखरा उद्योग वाणिज्य संघ का पदाधिकारी तथा सदस्यहरु मोबाइल वितरकसंघका अध्यक्ष पदाधिकारी तथा सदस्य ज्युहरु लगायत पोखरा र पोखरा आसपास सुचना तथा सन्चार प्रविधी को विकास बिस्तार प्रवर्धन गर्ने अहम भुमिकामा हुने २५० भन्दा बढी व्यापारी व्यवसाही ICT र क्यान प्रेमी महानुभावहरुको उपस्थिती भएको थियो उक्त कार्यक्रमलाई मुख्य प्रायोजन Unitek रहेको थियो र प्रायोजकहरुमा NEXGEN IT SOLUTION PVT LTD, HMC NEPAL PVT. LTD, SHANGRILA INFORMATION PVT. LTD रहेको थियो । उक्त कार्यक्रममा प्रायोजकले आफ्नो Product र Presentation गर्नु भएको थियो । बक्ताहरुले B2B SUMMIT कार्यक्रमको सफताको शुभकामना प्रदान गर्नु भएको थियो । कार्यक्रमको सञ्चालन संस्थाका सचिव दामोदर डुम्रे र मिडियाकर्मी रघुनाथ वाग्नेले संयुक्त रुपमा सञ्चालन गर्नु भएको थियो । यो कार्यक्रमलाई सुचना सञ्चार र प्रविधी व्यवसायी र यो सँगचासो राख्ने सरोकारवाला सदस्यलाई निकै महत्वपूर्ण र फलदाही भएको महशुस गरेका छौं ।






NexGen IT Solutions Pvt. Ltd.
B2B SUMMIT 2025
HMC Nepal Pvt. Ltd.
SHANGRILA
UNITEK
Human friendly
B2B SUMMIT 2025
2081 Magh 18, Friday
Galaxy Banquet & Event Management Pvt. Ltd., Pokhara-17, Birauta
GS PRINT
Eagle Tech Nepal


Thank You...
UNITEK
Human friendly
B2B SUMMIT 2025
2081 Magh 18, Friday
JAN 31
Galaxy Banquet & Event Management Pvt. Ltd.
Pokhara-17, Birauta
Organized by
Title Sponsor
Supported by
B2B Partners
NexGen IT Solutions Pvt. Ltd.
HMC Nepal Pvt. Ltd.
SHANGRILA
UNV
Eagle Tech Nepal
TWD
HOTEL DEJA-VU
GS PRINT

### ८. CCTV मर्मत तालिम

क्यान महासंघ कास्की शाखाले आफ्ना सदस्यहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले २०८१ चैत्र ०९ गते **DAHUA NEPAL** को प्राविधिक सहयोगमा **CCTV** मर्मत तथा जडान तालिम सम्पन्न भएको थियो । उक्त तालिममा ९५ जना सदस्य तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

### ९. बेसिक कोर्स बुकको नयाँ संस्करण प्रकाशन

क्यान महासंघ कास्की शाखाले शिक्षा प्रदायक संस्थाहरुमा लागु गरेको प्रोफेशनल बुक १ संस्थाका प्रथम उपाध्यक्ष सेवक क्षितिजको संयोजकत्वमा थप संस्करण प्रकाशन गरेको थियो । बुक कास्की शाखाका शिक्षा प्रदायक संस्थाहरुमा मात्र नभई गण्डकी प्रदेशका अन्य जिल्लाका शिक्षा प्रदायक संस्थाहरुमा पनि लागू गर्ने गरि वितरण गरियो ।




### १०. शुभकामना आदान प्रदान तथा भित्तेपात्रो वितरण कार्यक्रम

क्यान महासंघ गण्डकी प्रदेश, क्यान महासंघ कास्की शाखा र आई.सी.टी सहकारीको संयुक्त आयोजनामा २०८२ सालको शुभकामना आदानप्रदान तथा भित्तेपात्रो विमोचन कार्यक्रम २०८२ साल बैशाख ०६ गते, शनिवार क्यान गण्डकीका अध्यक्ष गुणानिधी पाण्डेज्यूको अध्यक्षतामा र नेपाल टेलिकम निर्देशक बसन्त लिङ्थेज्यूको प्रमुख आतिथ्यतामा संस्थाको कार्यालयमा सम्पन्न भयो । उक्त कार्यक्रममा क्यान महासंघ केन्द्रिय सदस्य तथा पूर्व अध्यक्ष चिन्तामणी बास्तोला, केन्द्रिय सदस्य खड्ग बहादुर गुरुङ, क्यान गण्डकी उपाध्यक्ष बामदेव रिजाल, सचिव कृष्ण बस्याल लगायत क्यान कास्की पूर्व अध्यक्षज्यूहरु पदाधिकारी तथा सदस्यज्यूहरुको उल्लेखनीय सहभागिता रहेको थियो । उक्त कार्यक्रममा प्रमुख अतिथि, केन्द्रिय सदस्य लगायत पूर्व अध्यक्षज्यूहरु, क्यानमा आवद्ध सदस्यहरुले एक आपसमा शुभकामना आदान प्रदान समेत गर्नुभएको थियो भने स्वागत मन्तव्य क्यान गण्डकी उपाध्यक्ष बामदेव रिजालज्यूले राख्नुभएको थियो । उक्त कार्यक्रम घनश्याम गौतमज्यूको संयोजकत्वमा सम्पन्न भएको थियो ।






## ११. आई.सी.टी. डे को अवसरमा सेमिनार कार्यक्रम सम्पन्न

क्यान महासंघ कास्कीको आयोजनामा ICT Day २०२५ को अवसरमा "Digital Transformation Cyber Security & AI" विषयक एक दिवसीय सेमिनार २०८२ साल वैशाख १७ गते पोखराको ग्यालेक्सी ब्याङ्क्वेटमा सम्पन्न भयो । संस्थाका अध्यक्ष पुरुषोत्तम कुँवरज्यूको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्ट प्रमुख अतिथिको रुपमा हुनुहुन्थ्यो । गोकर्ण कार्की पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विशिष्ट अतिथि हुनुहुन्थ्यो भने प्रमुख वक्ताको रुपमा डा. मनोज शाक्य (AI, Cyber Security, Deep Reinforement Learing E-Learing) विशेषज्ञ हुनुहुन्थ्यो । क्यान महासंघ केन्द्रिय सदस्य चिन्तामणी बास्तोला, क्यान गण्डकी अध्यक्ष गुणानिधी पाण्डे लगायत क्यान गण्डकी र क्यान कास्कीका पदाधिकारी तथा सदस्यज्यूहरु लगायत डिजिटल नेपाल निर्माणमा योगदान पुऱ्याउने उद्देश्यसहित आयोजित उक्त सेमिनारमा विभिन्न सरकारी तथा निजी क्षेत्रका सूचना प्रविधि विज्ञ, सरकारी कर्मचारी, विद्यार्थी तथा सरोकारवालाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । कार्यक्रममा वक्ताद्धारा कृतम वौद्धिकताको अवस्था र सम्भावना, साईवर सुरक्षाको चुनौती र समाधान Deep Reinforement Learing को प्रयोग र प्रयोगात्मक ज्ञान E-Learing मा AI को भुमिका डिजिटल रुपान्तरणका रणनीतिहरु प्रस्तुत गर्नुभएको थियो । क्यान कास्की सचिव दामोदर डुम्रेले सञ्चालन गरेको कार्यक्रमको संयोजक कार्यसमिति सदस्य दिपक राज गिरी हुनुहुन्थ्यो । आई.सी.टी. डे २०२५ अन्तर्गत आयोजित Digital Transformation Cyber Security & AI" सेमिनर अत्यन्त सफल र प्रभावकारी रह्यो । कार्यक्रमले डिजिटल ज्ञानको विस्तार मात्र नभई सरकारी र निजी क्षेत्रका प्रतिनिधिहरु बिच आपसी समझदारी, सहकारीको वातावरण समेत सिर्जना गरेको छ । भविष्यमा यस्ता प्रविधिमैत्री कार्यक्रमलाई अझै व्यापक र नियमित रुपमा आयोजना गर्नुपर्ने देखिन्छ ।








## १२. अन्तर इन्स्टिच्यूट टाइपिङ र क्विज प्रतियोगिता

क्यान महासंघ कास्की शाखाले आफ्नो वार्षिक कार्यक्रम अन्तर्गत क्यान कास्कीका सदस्य संस्थाहरु मध्ये शिक्षा प्रदायक संस्थाहरु बिच टाइपिङ्ग तथा क्विज प्रतियोगिता २०८२ असार ६ गते ग्यालेक्सी बैंकुट, विरौटामा पोखरा म.न.पा. वडा नं १२ का वडा अध्यक्ष श्री सन्तोष बास्तोलाज्यूको प्रमुख आतिथ्यता र क्यान महासंघ कास्की शाखाका अध्यक्ष श्री पुरुषोत्तम कुँवरको अध्यक्षतामा सम्पन्न भएको थियो ।




SEE दिएर कम्प्युटर सिक्ने विद्यार्थीहरु प्रतियोगी रहने सो कार्यक्रम अन्तर इन्स्टिच्युट प्रतियोगिता रहेको थियो । उक्त प्रतियोगितामा टाइपिङ्ग तर्फ १० र क्विज तर्फ १० शिक्षा प्रदायक संस्थाको सहभागि रहेको थियो भने कार्यक्रममा क्यानका सदस्यहरु, संस्थाका विद्यार्थी तथा शिक्षक सहित करिव १२० जनाको उपस्थिती थियो । उक्त प्रतियोगितामा निम्न लिखित संस्थाका निम्न सहभागि विद्यार्थीहरु बिजेता भएका थिए ।

| स्थान | हाजिर जवाफ प्रतियोगिता | टाइपिङ्ग प्रतियोगिता |
|---|---|---|
| प्रथम | सफल एजुकेशन फाउन्डेसन | पर्फेक्ट एकेडेमी, अमरसिंह चोक |
| द्धितिय | पर्फेक्ट एकेडेमी, अमरसिंह चोक | ओम कामना कम्प्युटर इन्स्टिच्युट, सिसुवा |
| तृतिय | सनराइज कम्प्युटर इन्स्टिच्युट, विरौटा | सनराइज कम्प्युटर इन्स्टिच्युट ,विरौटा |





प्रतियोगितामा सहभागी तथा विजयी संस्था साथमा विद्यार्थीहरुलाई प्रमाणपत्र, मेडल तथा रनिङ्ग शिल्ड प्रदान गरिएको थियो । कार्यक्रम संयोजक तथा क्यानका कास्कीका प्रथम उपाध्यक्ष श्री सेवक क्षितिजको संयोजकत्वमा क्विज प्रतियोगिता र कार्यक्रम संयोजक तथा संस्थाका कोषाध्यक्ष श्री रुद्र न्यौपानेको संयोजकत्वमा टाइपिङ्ग प्रतियोगिता भएको थियो । उक्त क्विज प्रतियोगिताको क्विज माष्टरको भुमिकामा कोषाध्यक्ष श्री रुद्र न्यौपाने रहनु भएको थियो ।

## १३. Online Exam परिमार्जन

क्यान महासंघ कास्की शाखाले आफ्नो सदस्यहरुलाई उपलब्ध गराउँदै आएको Online Exam लाई थप परिस्कृत र व्यवस्थीत बनाउन सदस्य ईश्वर राज चालिसेलाई संयोजक चयन गरि आवश्यक परिमार्जन गरियो ।



## १४. विद्यमान TAX, VAT प्रणाली सम्बन्धि जानकारी कार्यक्रम सम्पन्न

क्यान महासंघ कास्कीको आयोजना, आन्तरिक राजस्व कार्यालय, पोखरा र पोखरा महानगरपालिका वडा नम्बर १८ को सहयोगमा एक दिने "TAX /VAT" सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ।

उक्त कार्यक्रममा प्रमुख अतिथि आन्तरिक राजस्व कार्यालय, पोखराका प्रमुख कर अधिकृत श्री शिव शर्मा, प्रशिक्षक कर अधिकृत श्री सनु काफ्ले र कम्प्युटर अपरेटर श्री सुदिप रेग्मीले आर्थिक विधेयक २०८२ ले गरेका परिवर्तनहरु, छुट र सहुलियत, आयकर ऐन २०५८ का परिवर्तन, मुल्य अभिवृद्धि कर र अन्त शुल्क कर, अनलाइनबाट व्यक्तिगत तथा व्यावसायिक पान लिने, युजर आइडी बनाउने, आयकर विवरण फारम भर्ने, विभिन्न प्रकारका करहरूको भुक्तानी गर्ने साथै इटिडिएस गर्ने सम्बन्धी विषयमा जानकारी गराउनुभएको थियो।

क्यान कास्कीका कोषाध्यक्ष श्री रुद्र न्यौपानेको संयोजकत्वमा भएको उक्त कार्यक्रमको अध्यक्षता क्यान कास्कीका अध्यक्ष श्री पुरुषोत्तम कुँवरले गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन सचिव श्री दामोदर डुम्रेले गर्नुभएको थियो।

पोखरा १७ स्थित ग्यालेक्सी बैङ्क्यूटमा भएको उक्त कार्यक्रममा क्यान कास्कीका सदस्य, लेखा सम्बन्धि कर्मचारी र व्यावसायी गरी कुल ५५ जनाको सहभागिता रहेको थियो।








## १५. शुभकामना आदान प्रदान तथा तीजको दर खुवाउने कार्यक्रम

मिति २०८२ साल भदौ ४ गते बेलुका ५.०० बजे ग्यालेक्सि बैङक्यूट-१७, बिरौटामा क्यान महासंघ कास्की र आईसिटी सहकारीको सहकार्यमा नेपाली नारीको महान चाड हरितालिका तीजको शुभअवसरमा क्यान तथा आईसिटी सहकारीका सदस्यहरु तथा परिवार बीच तीजको शुभकामना आदान तथा दर खुवाउने कार्यक्रम सम्पन्न भएको थियो । सो कार्यक्रममा क्यान तथा आईसिटीको अध्यक्षद्वय श्री पुरुषोत्तम कुँवरज्यू तथा श्री सवि शेरचनज्यूको उपस्थिति रहेको थियो भने सभापतित्व श्री सवि शेरचनज्यूले ग्रहण गर्नु भएको थियो। यस कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेश सभाका उपसभामुख माननीय बिना कुमारी थापाज्यू हुनुहुन्थ्यो तथा विशेष अतिथि जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधिवक्ता श्री कमला काफ्लेज्यू हुनुहुन्थ्यो। साथै, गण्डकी प्रदेश क्यानका अध्यक्ष श्री गुणनिधी पाण्डेज्यू तथा क्यान कास्कीको पूर्व अध्यक्ष तथा सहकारीको शेयर होल्डर श्री चिन्तामणी बास्तोलाज्यूको विशेष आथित्यता रहेको थियो ।



तीज केवल एउटा चाड मात्र नभई हाम्रो मौलिक संस्कृति, परम्परा र आस्थासँग गाँसिएको अमूल्य धरोहर भएकाले यसलाई हामीले समाजमा समानता, सहअस्तित्व र सकारात्मक सोचलाई पनि बढावा दिने उद्देश्यका साथ महिला दिदी बहिनीहरुलाई जुनसुकै रुपमा उपस्थिति खुला गरेका थियौं। विभिन्न क्षेत्रका महिलाहरु यस कार्यक्रमबाट एक आपसमा सदभाव राखि क्यान महासंघ कास्की तथा आईसिटी सहकारी संस्थाको उद्देश्य तथा कार्य संस्कृतिसँग परिचित हुने सम्भावना देखिएको थियो ।

कार्यक्रमलाई रोचक तथा मनोरञ्जात्मक बनाउनका लागि यसमा नृत्यकारहरु मध्ये प्रथम, द्वितीय तथा तृतीय पुरस्कार राखिएको थियो भने सान्तवनाको रुपमा उत्कृष्ट ५ जनालाई उत्कृष्ट नृत्यकारको पुरस्कारको प्रबन्ध गरिएको थियो ।

उक्त दुबै प्रकारका पुरस्कार प्राप्त गर्ने सहभागीहरुलाई पहिचान गर्नका लागि ३ वटा निर्णायकहरुको व्यवस्था रहेको थियो ।

तीज केवल एउटा चाड मात्र नभई हाम्रो मौलिक संस्कृति, परम्परा र आस्थासँग गाँसिएको अमूल्य धरोहर भएकाले यसलाई हामीले समाजमा समानता, सहअस्तित्व र सकारात्मक सोचलाई पनि बढावा दिने उद्देश्यका साथ महिला दिदी बहिनीहरुलाई जुनसुकै रुपमा उपस्थिति खुला गरेका थियौं। विभिन्न क्षेत्रका महिलाहरु यस कार्यक्रमबाट एक आपसमा सदभाव राखि क्यान महासंघ कास्की तथा आईसिटी सहकारी संस्थाको उद्देश्य तथा कार्य संस्कृतिसँग परिचित हुने सम्भावना देखिएको थियो ।

कार्यक्रमलाई रोचक तथा मनोरञ्जात्मक बनाउनका लागि यसमा नृत्यकारहरु मध्ये प्रथम, द्वितीय तथा तृतीय पुरस्कार राखिएको थियो भने सान्तवनाको रुपमा उत्कृष्ट ५ जनालाई उत्कृष्ट नृत्यकारको पुरस्कारको प्रबन्ध गरिएको थियो ।

उक्त दुबै प्रकारका पुरस्कार प्राप्त गर्ने सहभागीहरुलाई पहिचान गर्नका लागि ३ वटा निर्णायकहरु श्री गुणनिधी पाण्डे, श्री सवि शेरचन र श्री रुद्रनाथ न्यौपानेज्यूको व्यवस्था रहेको थियो ।

नेपाली महिलाको पहिचान परिधानले पनि हुन्छ। सोही विषयमा ध्यान दिई साडी, तिलहरी, टिका, सिउँदो र चुँरा आदिलाई ध्यानमा राखि उत्कृष्ट ड्रेसअपमा ३ जनालाई पुरस्कृत गरिएको थियो।
यस कार्यक्रममा क्यान महासंघ कास्कीका पूर्व अध्यक्ष तथा आईसिटी सहकारी संस्थाका सल्लाहाकार श्री चिन्तामणी बास्तोलाज्यूले स्वागत मन्तव्य दिनु भएको थियो। यसै गरी क्यान महासंघ कास्की कार्यसमितिका सदस्य श्री चन्द्रकला बस्नेतज्यूले पनि यस कार्यक्रमको मोडालिटी तथा उद्देश्य माथि प्रकाश पार्नु भएको थियो। कार्यक्रममा सक्रिय सहभागिताका लागि यस कार्यक्रमका सभापति श्री सवि शेरचनज्यूले सबैलाई धन्यवाद दिएर पहिलो सेसनको समाप्ती गर्नु भएको थियो। यस कार्यक्रमको संचालन क्यान महासंघ कास्कीका सचिव श्री दामोदर डुम्रेज्यूले गर्नु भएको थियो तथा संयोजन क्यान महासंघ कास्की कार्यसमिति सदस्य तथा आईसिटी सहकारी संस्थाका महिला क्षमता अभिवृद्धि उपसमिति सदस्य श्री चन्द्रकला बस्नेतज्यूले गर्नु भएको थियो।

## १६. संस्थाको १८ औं वार्षिक उत्सव

मिति २०८२ साल भदौं १६ गते, सोमबार क्यान महासंघ कास्की शाखाको १८ औं वार्षिक उत्सव संस्थाका अध्यक्ष पुरुषोत्तम कुँवरज्यूको अध्यक्षतामा संस्थाको कार्यालयमै केक काटेर वार्षिक उत्सव भव्यताका साथ सम्पन्न गरियो। उक्त कार्यक्रममा क्यान महासंघ कास्कीका पूर्व अध्यक्षज्यूहरु तथा सदस्यज्यूहरुको उपस्थिति रहेको थियो।




## १७. कम्प्युटर हस्तान्तरण कार्यक्रम

